लमही नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
लमही, दाङ
५ नम्बर प्रदेश, नेपाल ।
०८२ : ५४००५०
०८२ : ५४०८३९

प.सं. : २०७६।०७७ च.नं. : २३२५ मिति : २०७६।११।०४

विषय : आवश्यक समन्वय सम्वन्धमा ।

श्री वडा कार्यालय सबै,
लमही नगरपालिका, लमही, दाङ

प्रस्तुत विषयमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.स. ०७६/०७७ च. नं. ३१४ मिति २०७६/११/०१ को प्राप्त पत्रानुसार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार बोर्डको सचिवालयबाट उपलब्ध गराईने आर्थिक सहायताका लागि स्थानिय तहले सिफारिस गर्दा पुऱ्याउनु पर्ने प्रकृया तथा ध्यान दिनु पर्ने विषयको स्पष्टताका लागि सचिवालयको तर्फबाट लेखिएको पत्र यसै साथ संलग्न राखी पठाईएको छ । सोही बमोजिम आवश्यक काम कारबाही गर्नु गराउनु हुन निर्देशानुसार अनुरोध छ ।

..........................
गेहेन्द्र बहादुर डाँगी
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ**
श्री सूचना तथा प्रविधि शाखा, (वेवसाइटमा अपलोड गरि दिनु हुन) ।



Scanned with CamScanner

नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(स्थानीय तह समन्वय शाखा) सिंहदरबार, काठमाडौं ।
फोन नं.: ०१-४२००५११
४२००३०४

पत्र संख्या :- स्था.त.स.शा./अन्य/फा.सं.-३/०७६/७७ मिति :- २०७६/११/०१
च.नं. :- ३१४

श्री स्थानीय तह (सबै)

विषयः- पत्राचार सम्वन्धमा ।

प्रस्तुत विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार बोर्ड सचिवालयको प.स. ०७६/०७७ च.नं. ५९० मिति २०७६/१०/२९ को पत्राचार तथा आवश्यक समन्वय गरिदिने सम्वन्धको प्राप्त पत्र संलग्न छ । सो सम्वन्धमा पत्रवाटै व्यहोरा अवगत गर्नुभई सोही अनुसार आवश्यक व्यवस्था मिलाउनुहुन आदेशानुसार अनुरोध छ ।

२०७६/११/०२
.................
(राजकुमार वोहरा)
शाखा अधिकृत

**वोधार्थ :**
श्री श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार बोर्ड सचिवालय
वबरमहल, काठमाडौं।
श्री सूचना तथा प्रविधि शाखा; **Website** मा **upload** गरिदिनुहुन ।

लमही नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दर्ता नं. ४०८३
मिति : २०७६।११।८

Scanned with CamScanner

स्मरण सं २१८

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
**वैदेशिक रोजगार बोर्डको सचिवालय**

बबरमहल, काठमाडौं
फोन नं. ०१-४२२०३११
०१-४२२०४३३ ५६७
फ्याक्स नं. : ०१-४२२०५४३
Email : info@fepb.gov.np

च.नं. ५१०

दर्ता नं.:- २०७६।१०।२९

मिति : २०७६/१०/२९

श्री संघीय मामिला तथा समान्य प्रशासन मन्त्रालय
सिंहदरवार ।

स्थानीय तह समन्वय शाखा
दर्ता नं.:- ६५८
मितिः- २०७६।११।०१

विषय :- आवश्यक समन्वय तथा पत्राचार गरिदिनु हुन

उपर्युक्त सम्बन्धमा यस वोर्ड सचिवालयवाट उपलब्ध गराईने आर्थिक सहायता लागि स्थानीय तहको सिफारिस अनिवार्य गरिएको व्यहोरा अवगत गर्दछु । यस सन्दर्भमा स्थानीय तहले सिफारिस गर्दा पुर्याउनु पर्ने प्रकृया तथा ध्यान दिनुपर्ने विषयलाई स्पष्ट गर्दै सचिवालयको तर्फवाट लेखिएको पत्र यसैसाथ संलग्न राखी तहाँमार्फत स्थानीय तहमा पत्राचार तथा आवश्यक समन्वय गरिदिनु हुन आदेशानुसार अनुरोध गर्दछु ।

(सुशीला पौडेल दाहाल) १०।२९
शाखा अधिकृत

Scanned with CamScanner

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
**वैदेशिक रोजगार बोर्डको सचिवालय**

बबरमहल, काठमाडौँ
फोन नं. ०१-४२२०३११
०१-४२२०४३३ ५६७
फ्याक्स नं. : ०१-४२२०५४३
Email : info@fepb.gov.np

च.नं. ५९०

मिति : २०७६/१०/२८

श्री सबै महानगरपालिका/उपमहानगरपालिका /नगरपालिका /गाँउपालिका

विषय : आर्थिक सहायता सम्बन्धमा।

उपर्युक्त सम्बन्धमा वैदेशिक रोजगार नियमावली,२०६४ नियम २८को उपनियम (१) र (२) ले श्रम स्वीकृति लिई वैदेशिक रोजगारमा गएका कामदारको करार अवधिमा वा करार अवधि समाप्त भएको मितिले एक वर्षभित्र कुनै कारणले मृत्यु भएमा मृत्यु भएको एक वर्षभित्र प्रमाणित हुने काजगातसहित मृतकको नजिकको हकवालाले आर्थिक सहायताका लागि निवेदन दिन सक्ने र प्राप्त निवेदन उपर आवश्यक छानविन गर्दा व्यहोरा मनासिब देखिएमा वोर्डले मृतक कामदारका हकवालालाई कोषबाट रु.सातलाख उपलब्ध गराउने व्यवस्था गरेको छ । साथै सोही नियमावलीको उपनियम (७) मा आर्थिक सहायताका लागि सम्बन्धित स्थानीय तह मार्फत समेत निवेदन दिन सकिने र स्थानीय तहले सात दिनभित्र कागजातसहितको निवेदन वोर्डमा पठाई सो को जानकारी सम्बन्धित निवेदकलाई दिनुपर्ने व्यवस्था अनुरुप मृतकका हकवालाले दिएको निवेदन र सम्बन्धित कागजातहरु सहित वोर्ड सचिवालयमा सिफारिस गर्ने व्यवस्थाका लागि अनुरोध छ । वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड सचिवालय सञ्चालन निर्देशिका, २०६८ ले आर्थिक सहायताका लागि निवेदनको ढाँचा र संलग्न गर्नुपर्ने कागजातहरु निर्धारण गरेको छ । यो जानकारी बोर्ड सचिवालयको वेवसाईट www.fepbs.gov.np वाट प्राप्त गर्न सकिनेछ । हालको अवस्थामा निवेदकहरुले सिधै सचिवालयमा निवदेन दिने गरेको हुँदा वोर्ड सचिवालयले स्थानीय तहबाट मृतकको हकवालाको किटानी सिफारिस समेत अनिवार्य गरेको छ ।

यस पृष्ठभूमिमा जनतालाई सहज सरल र सबैभन्दा नजिकको निकायवाट सेवा प्रवाह गर्ने उद्धेश्यले स्थानीय तह मार्फत निवेदन दिन सक्ने गरी उपर्युक्त बमोजिम ऐन नियममा व्यवस्था भएको तर सचिवालयमा प्राप्त भएका निवेदनमा आवश्यक पर्ने कागजातहरु संलग्त नहुने, मृतकको हकवाला किटानी सिफारिस पत्र नहुने र कतिपय अवस्थामा आर्थिक सहायता प्राप्त गरिसकेका मृतकका हकवालालाई पूनः आर्थिक सहायताका लागि सिफारिस गरेको पाईएको हुँदा अनाधिकृत व्यक्तिले निवेदन दिने तथा दोहोरो आर्थिक सहायता माग गर्ने गरेको पाईएको छ । यसर्थ आर्थिक सहायता वितरणलाई व्यवस्थित प्रभावकारी वनाउन तहाँवाट मृतक कामदारका हकवालाले पाउने आर्थिक सहायताका लागि सिफारिस गर्दा नियमानुसारको संपूर्ण कागजातहरु चेकजाँच गरी देहायका विषय एकिन गरेरमात्र वैदेशिक रोजगार वोर्ड सचिवालयलाई सिफारिस गर्नुहुन अनुरोध गर्दछु ।

१. हकवालाको स्पष्ट नाम र नागरिकता नं र मृतकसंगको नाता खुलाई हकवालाको प्रमाणित फोटो सहितको किटानी सिफारिस पत्र एवम् हकवालाको बैंक खाता नं खुल्ने पत्र वा बैंकको पत्र ।
२. यस भन्दा आगाडि आर्थिक सहायता लिए नलिएको विषय (आर्थिक सहायता लिएको अवस्थामा वैदेशिक रोजगार वोर्ड सचिवालयले मृतकको राहदानीमा स्पष्ट छाप लगाई प्रमाणित गर्ने हुँदा मृतकको सक्कल राहदानी चेक जाँच गरेर मात्र ) ।

राजन प्रसाद श्रेष्ठ
कार्यकारी निर्देशक

नोट : किटानी सिफारिसको ढाँचा यसैसाथ संलग्न छ ।

Scanned with CamScanner

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
वैदेशिक रोजगार बोर्डको सचिवालय

# बोर्डबाट आर्थिक सहायताकालागि स्थानीय तहबाट निवेदन दिने व्यवस्था सम्बन्धी सूचना

वैदेशिक रोजगार नियमावली (पाँचौं संशोधन), २०६४ अनुसार वैदेशिक रोजगारमा गएका कामदारको करार अवधि भित्र वा करार अवधि समाप्त भएको एकवर्ष भित्र कुनै कारणले मृत्यु भएमा मृत्यु भएको मितिले एकवर्ष भित्र आर्थिक सहायताको लागि बोर्ड सचिवालय समक्ष प्रमाणित कागजात सहित निवेदन दिन सक्ने व्यवस्था भएको छ।

यसरी आर्थिक सहायताको लागि निवेदन दिदा निवेदक स्वयं बोर्डको सचिवालयमा उपस्थित भएर वा सम्बन्धित स्थानीय तह मार्फत् समेत दिन सकिने व्यवस्था गरेको छ। यसरी स्थानीय तह मार्फत निवेदन दिएको हकमा सम्बन्धित स्थानीय तहले निवेदन प्राप्त भएको सात दिन भित्र प्राप्त कागजात, प्रमाण सिफारिस सहित सक्कलै निवेदन बोर्डको सचिवालयमा पठाई सोको जानकारी निवेदकलाई दिनुपर्ने छ।

बोर्डबाट आर्थिक सहायता रकम प्राप्त गर्न देहाय बमोजिमका कागजातहरु निवेदनका साथ पेश भएको खण्डमा नजिकको हकवालाको बैङ्क खातामा सिधै जम्मा गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

| क्र.सं. | मृतक कामदारका हकवालाले आर्थिक सहायताको लागि निवेदन पेश गर्नु पर्ने कागजातहरु। |
|---|---|
| १ | राहदानीमा गन्तव्य मुलुकमा गएको प्रमाणित हुने छाप भएको पृष्ठ र राहदानीवाहकको राहदानी नं., नाम र फोटो भएको पृष्ठको प्रतिलिपि। |
| २ | विदेश स्थित रोजगारदाता कम्पनी, नियोग/अस्पतालको मृत्युको प्रमाण र शव व्यवस्थापनको प्रमाण भएको प्रतिलिपि (विदेशमा मृत्यु भएको हकमा) |
| ३ | नेपालमा मृत्यु भएकाको हकमा निज वैदेशिक रोजगारीबाट फर्केको आगमनको छाप लागेको पृष्ठको प्रतिलिपि |
| ४ | स्थानीय तहले प्रदान गरेको मृत्यु दर्ताको प्रमाण पत्रको प्रतिलिपि |
| ५ | हकवालाको नागरिकता/नाता प्रमाणित र अविवाहित भए स्थानीय तहबाट अविवाहितको सिफारिस पत्र। |
| ६ | स्थानीय तहबाट हकवाला खुलेको फोटो र बैङ्कको नाम/शाखा र बैंकखाता नं. रुजु सहितको बैंकको पत्र। |
| ८ | नजिकको हकवालाको पासपोर्ट साइजको एक प्रति फोटो। |

- मृत्यु भएको मितिले १ वर्ष भित्र आर्थिक सहायताको लागि निवेदन दिनु पर्नेछ।
- पेश भएका प्रमाणित कागजात संलग्न गरी सम्बन्धित न.पा./गा.पा.को प्रमुख प्रशासकिय अधिकृतबाट सिफारिस भएको हुनुपर्नेछ।
- आर्थिक सहायताका लागि दिइने निवेदन र स्थानिय तहको सिफारिसको ढाँचा सचिवलायको वेव साईट www.fepb.gov.np बाट प्राप्त गर्न सकिने छ।

नोट : यस सम्बन्धी थप जानकारीको लागि कल सेन्टरको ११४१ वा टोल फ्रि नं.१६६००१५०००५ मा सम्पर्क गर्नु हुन अनुरोध छ।

Scanned with CamScanner

अनुसूची-

## वैदेशिक रोजगारको सिलसिलामा मृत्यु भएका कामदारको नजिकको हकदारले आर्थिक सहायताका लागि दिने निवेदनको ढाँचा

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,

..............................................................न.पा./गा.पा

मेरो........................(मृतकसँगको नाता उल्लेख गर्ने) श्री..........................................(मृतकको नाम थर उल्लेख गर्ने) वैदेशिक रोजगारको लागि इजाजतपत्रवाला संस्था श्री ..........................................(वैदेशिक रोजगारीमा पठाउने संस्थाको नाम)/व्यक्तिगत मार्फत........................(गएको देश) गएकोमा मिति.................................... का दिन सोही देशको/नेपालको............................ (घर/अस्पताल) मा मृत्यु भएको हुँदा निजको अन्तिम संस्कारको कार्य सम्पन्न भएकोले वैदेशिक रोजगार नियमावली, २०६४ को नियम २८ (२) बमोजिम आर्थिक सहायता पाउन निम्न कागजात र विवरण यसै साथ राखी सोही नियमावलीको नियम २८ (१) को म्याद भित्र निवेदन दिन आएको छु। वैदेशिक रोजगार बोर्ड सचिवालयबाट नियमानुसार पाउने आर्थिक सहायताकालागि सिफारिस सहित आवश्यक सहयोग गरिदिनु हुन देहायका कागजातहरु संलग्न राखी यो निवेदन पेश गरेको छु।

१) मृतकको :

(क) नाम र थर ........................

(ख) राहदानी नं...................

(ग) विवाहित/अविवाहित ..................................

२) मृतकका बाबु/ आमाको नाम :

....................................

३) मृतकको नजिकको हकवालाको नाम :......................

४) मृतकको पति / पत्नीको नाम ..............................

५) मृतकसँग निवेदकको नाता :............................

६) काम गर्न गएको मिति (क) इ.सं.............................

(ख) वि.सं.................................

७) नेपाल फर्किएको मिति :...............(नेपालमा मृत्यु भएको हकमा)

७) मृत्यु भएको मिति : (क) इ.सं...............................

(ख) वि.सं...............................

८) करार अवधि :.......................

९) निवेदकको नागरिकता नं ...........जारी मिति............

१०) पठाउने इजाजतपत्र प्राप्त संस्था (मेनपावर) को नाम..............................

११) मृत्युको कारण.............................................

१२) निवेदकको बैंक खाताको विवरण :

(क) बैंकको नाम :

(ख) शाखाको नाम :

(ग) खाता नं. :

(घ) खाताको किसिम : (चल्ती/बचत)

| हकवालाहरुले आर्थिक सहायताको लागि निवेदन दिंदा पेश गर्नुपर्ने कागजातहरु र विवरण। | | |
|---|---|---|
| १ | राहदानीमा गन्तव्य मुलुकमा पुगेको प्रमाणित हुने छाप भएको पृष्ठ र राहदानीवालाको राहदानी नं., नाम र फोटो भएको पृष्ठको छायाप्रति। | |
| २ | विदेश स्थित रोजगारदाता कम्पनी, नियोग/अस्पतालको मृत्युको प्रमाण र शव ल्याउदाको प्रज्ञापन पत्र (विदेशमा मृत्यु भएको हकमा) | |
| ३ | नेपालमा मृत्यु भएकाको हकमा निज वैदेशिक रोजगारीबाट फर्केको आगमनको छाप लागेको पृष्ठको प्रतिलिपि | |
| ४ | स्थानीय तहले प्रदान गरेको मृत्यु दर्ताको प्रमाण पत्र | |
| ५ | हकवालाको नागरिकता/नाता प्रमाणित र अविवाहित भए स्थानीय तहबाट अविवाहितको सिफारिस पत्र। | |
| ६ | स्थानीय तहबाट हकवाला खुलेको कोटी र बैङ्कको नाम / शाखा र बैंकखाता नं. खुलु सहितको बैंकको पत्र। | |
| ७ | निवेदकको एक प्रति पासपोर्ट साइजको फोटो। | |
| ८ | नजिकको हकवालाको पासपोर्ट साइजको एक प्रति फोटो। | |

माथी पेश गरेका कागजातहरु ठिक र दुरुस्त छन्, पछि फरक पर्न गएमा कानुन बमोजिम सहुँला बुझाउँला।

निवेदक :

हस्ताक्षर :

नाम थर :

सम्पर्क नं. :

सहिछाप

| दायाँ | बायाँ |
|---|---|
| | |

मिति : २०............... .............जिल्ला ........................गा.पा. / नगरपालिका ......वडा नं

नोट :- सम्बन्धित स्थानीय तहले निवेदकले पेश गरेका आवश्यक कागजातको प्रतिलिपि रुजु गरी वा नोटरी पब्लिकबाट प्रमाणित गरिएका कागजात संलग्न गर्नु पर्ने छ। आर्थिक सहायता लिने व्यक्तिको नागरिकता र मृतकको राहदानीको नक्कल अनिवार्य पेश गर्नु पर्नेछ।

Scanned with CamScanner

अनुसूची-

( करार अवधिभित्र मृत्यु भएका कामदारका नजिकको हकदारले आर्थिक सहायताका लागि स्थानीय तहबाट दिइने सिफारिसको ढाँचा )

विषय : सिफारिस ।

श्री वैदेशिक रोजगार बोर्डको सचिवालय
काठमाडौं ।

..........प्रदेश ................जिल्ला ........................ म.न.पा. / न.पा. / गा.पा. वडा नं. ........ बस्ने ............... नाति.............................छोरा ...........................पति / पत्नी पासपोर्ट नं. ..................... का ..............................वैदेशिक रोजगारीको सिलसिलामा .....................देशमा गएको र निज विदेशमा विरामी भई, विदा वा अन्य कारणले नेपाल फर्किए पश्चात विरामी भई उपचारको क्रममा मिति ..................... मा .........जिल्ला.........म.न.पा. / न.पा. / गा.पा. .....वडा नं. मा मृत्यु भएको हो । मृतक कामदारको नजिकको हकदार निजको ..............नाताको श्री ...........................भएकोले निजको तपसील बमोजिम विवरण प्रमाणित गरी तहाँ बोर्ड सचिवालयमा आर्थिक सहायताको लागि सिफारिस गरिएको व्यहोरा अनुरोध छ ।

| |
|---|
| फोटो र फोटोमा समेत पर्ने गरी सिफारिशकर्ताको दस्तखत |

**तपसील**

हकवालाको नाम –
हकवालाका नागरिकता प्र.प.नं. र जारी मिति :
जन्म दर्ता नं. र जारी मिति(नावालकको लागि)
मृतकको ना.प्र.प.नं.–
मृतकको राहदानी नं.

नोट– हकवाला एक भन्दा बढि भएमा सबै हकवालाहरुको माथि उल्लेख भए बमोजिमको विवरण खुलाउनु पर्नेछ ।

Scanned with CamScanner